# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : बिरुवा गाउँपालिका, स्यांजा , बिरुवा गाउँपालिका , स्याङजा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | अनन्त राज न्यौपाने | २०७८-१२-१७ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | गोगन सिंह थापा | २०७८-८-२५ | |
| लेखा प्रमुख | बलराम पौडेल | २०७८-८-२५ | |
| | | **बेरुजु रकम** | १८,१४०,३८२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ७,५९,०२,०७७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३०,८१,९९,४२४ | चालु खर्च | २६,२५,२०,३५३ |
| प्रदेश सरकारबाट अनुदान | १,९५,४४,४८७ | पूँजीगत खर्च | १४,६९,५९,४१९ |
| राजश्व बाँडफाँट | ६,३४,९४,७९६ | वित्तीय/अन्य व्यवस्था | ३,३०,५७,०८० |
| आन्तरिक आय | १,०६,३५,३५५ | | |
| अन्य आय | ११,८७,८१,८५९ | | |
| कुल आय | ५२,०६,५५,९२१ | कुल खर्च | ४४,२५,३६,८५२ |
| बाँकी मौज्दात | | ७,८१,१९,०६८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता उत्तरदायित्व पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ८ वडा ३७ सभा सदस्य ९५।७९ व.कि.मि.क्षेत्रफल र २५१७९ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरिक्षण**<br>लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण नमुना छनौट लिखित प्रतिनिधित्व पत्र लेखापरीक्षण नीति मानदण्ड मार्गदर्शन निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन वैठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **वित्तिय विवरण** | |

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझैभुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ५०१०७८२२४ | ४१४३१२४८९ | | ४१४३१२४८९ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ४९२१९१००० | ४०१८७४०६३ | ० | ४०१८७४०६३ |
| ११००० कर | ११ | १३४६४९००० | ७०४१९८६३ | ० | ७०४१९८६३ |
| १३००० अनुदान | | ३५२१४२००० | ३२७७४३९११ | ० | ३२७७४३९११ |
| संघीय सरकार | १२ | ३३००७६००० | ३०८१९९४२४ | ० | ३०८१९९४२४ |
| प्रदेश सरकार | १२ | २२०६६००० | १९५४४४८७ | ० | १९५४४४८७ |
| १४००० अन्य राजस्व | | ५४००००० | ३७१०२८९ | ० | ३७१०२८९ |
| ख. अन्य प्राप्ति | | ८८८७२२४ | १२४३८४२६ | | १२४३८४२६ |
| कोषहरु | | ८८८७२२४ | ८८७८९५२ | ० | ८८७८९५२ |
| धरौटी | | ० | ३५५९४७४ | ० | ३५५९४७४ |
| भुक्तानी (ग+घ) | | ५०१०७८२२४ | ४११९६३४९८ | | ४११९६३४९८ |
| ग. भुक्तानी (सञ्चित | | ४९२१९१००० | ४०९४७९७७२ | | ४०९४७९७७२ |
| २१००० पारिश्रमिक / | १८ | १९१०२१००० | १७४४०५९८५ | ० | १७४४०५९८५ |
| २२००० मालसामान तथा | १८ | ५४०३८००० | ४०१४४७२७ | ० | ४०१४४७२७ |
| २५००० सहायता (Subsidy) | १८ | ३५६५८००० | २९९२८८४४ | ० | २९९२८८४४ |
| २६००० अनुदान | १८ | २५०००० | २५०००० | ० | २५०००० |
| २७००० सामाजिक सुरक्षा | १८ | २१५४५००० | १६८७४४९७ | ० | १६८७४४९७ |
| २८००० अन्य खर्च | १८ | १५००००० | ९१६३०० | ० | ९१६३०० |
| ३१००० गैर वित्तीय सम्पत्ती | १८ | १८८१७९००० | १४६९५९४१९ | ० | १४६९५९४१९ |
| घ. अन्य भूक्तानी | | ८८८७२२४ | २४८३७२६ | | २४८३७२६ |
| कोषहरु | | ८८८७२२४ | १९५८१४१ | ० | १९५८१४१ |
| धरौटी | | ० | ५२५५८५ | ० | ५२५५८५ |
| ङ. यो वर्षको बचत (न्युन) | | | २३४८९९१ | | २३४८९९१ |
| च. गतवर्षको जिम्मेवारी | | | ७५९०२०७७ | | ७५९०२०७७ |
| वर्षान्तको बाकी रकम (ङ + | | | ७८२५१०६८ | | ७८२५१०६८ |
| बैंक तथा नगद बाकी | २४ | | ७८११९०६८ | | ७८११९०६८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | विवरण | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **आन्तरिक नियन्त्रणः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन<br>· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>· पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>· कार्यालयको श्रेष्ता र बैंक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ मा गाँउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले पालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन<br>· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।<br>· मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन<br>· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।<br>· सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्ययअपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>· सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>· यस वर्ष पालिकाले कन्टिन्जेन्सीवाट विभिन्न शिर्षकमा खर्च गरेको भएता पनि योजनागत कन्टिन्जेन्सीको खाता राखेको छैन ।<br>· निजामती सेवा ऐन २०४९ दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>· आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८(४) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको<br>· वातावरण संरक्षण ऐन २०७६ को दफा ३ मा स्थानीय तहलेनियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण १०० मि सम्मको पुललिफ्ट सिँचाइ सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको<br>· स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको<br>· सार्वजनिक खरिद ऐन २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्नुपर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गूरुयोजना तयार गर्नुपर्ने र नियम ८ ले वार्षिक १० लाख भन्दा बढी रकमको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शिर्षक अन्तर्गत पुँजिगत बजेट अन्तर्गतको रु १३ करोड ७९ लाख ५९ हजार खर्च गरेकोमा खरिद योजना तथा खरिदको गुरु योजना नबनाई खर्च गरेको देखियो ।<br><br>· निजामती सेवा ऐन २०४९ को दफा ७२ (ख) बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्दछ । पालिकाले गाउँपालिका र स्वास्थ्य तर्फका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगराई तलब खर्चमा रु ३ करोड ९१ लाख ६४ हजार खर्च गरेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेड समेत यकिन गर्न सक्ने आधार देखिएन ।<br><br>· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी दीगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई बमोजिमको कार्य भएको देखिएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।<br>· स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४ को बुँदा नम्बर २.९ मा गाउँ । नगर सभाबाट स्वीकृत बजेटको प्रभावकारी कार्यान्वयनको लागि समय सीमा सहितको कार्ययोजना बनाई कार्य सम्पादन गर्नुपर्ने व्यवस्था छ । गाउँ । नगर सभाबाट स्वीकृत बजेट रु ४९ करोड २१ लाख ९१ हजार समय सीमा सहितको कार्ययोजना बनाएको देखिएन ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **वित्तिय विवरण**<br>स्थानीय सरकार संचालन ऐन२०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>· स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSASअनुरुप)म ले प फा नं २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।<br>· स्थानीय तहले खाता अनुसारको बैंक समायोजन हिसाब खाता राखेको छैन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन२०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>· एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुजीगत शिर्षक र पुजीगत शिर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन । अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।<br>· वितिय प्रतिवेदान २७२ मा गत आ व को अल्या रु ७५९०२०७७ रहेकोमा बैकमा रहेको मौज्दात अनुसार कार्यालयले स्रेता अनुसार ७५७९९१०७। अल्या गरेको छ। फरक पर्न गएको रु १०२९७०। सम्बन्धमा कार्यालयले एकिन गर्नुपर्ने देखिन्छ।<br>· यस बर्षको बैक मौज्दात वितिय प्रतिवेदन २७२ अनुसार रु ७८११९०६८ रहेकोमा वास्तविक बैक मौदात रु ७७९६९९७२० रहेको कार्यालय बाट प्राप्त विवरण तथा बैक स्टेटमेन्टमा देखिन्छ। फरक पर्ने गएको रु १४९३४८।।यस सम्बन्धमा कार्यालयले एकिन गर्नुपर्ने देखिन्छ।<br>वितिय विवरण अनुसार गत आ व को धरौटी रु २६०८४१५ अल्या गर्नुपर्ने मा रु २४५९१४७। अल्या गरेकोले घटी जिम्मेवारी सारेको रु१४९२६८। सम्बन्धमा कार्यालयले एकिन गर्नु पर्दछ। | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **सेवा प्रवाह**<br>स्थानीय सरकार सञ्चालन ऐन२०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म मृत्यु तथा विवाह दर्ता ९७० वटानाता प्रमाणित ६०९ वटा घरबाटो शिफारिश २१३ वटा नागरीकता शिफारिश १०१० वटा बसाईसराई २०२ वटा र अन्य ५३५९ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद, पञ्जीकरण दर्ता तथा सिफारिश पारिवारिक लगतको आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति कानून तथा मापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ | |
| ७ | | | **अवण्डा बजेट**<br>स्थानीय सरकार सञ्चालन ऐन२०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ भने अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २७ मा सन्चित कोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो वजेटमा व्यवस्था गरी सम्वन्धित व्यवस्थापिकावाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ। यस स्थानीय तहले यो बर्ष एकमुष्ट रुपमा प्रकोप व्यवस्थपान कोषमा ८७ लाख ३० हजार वजेट राखेकोमा कार्यक्रम तोकेको छैन। बजेट अबण्डाको रुपमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रवृतिमा नियन्त्रण गर्नुपर्दछ। | |
| ८ | | | **नक्सा पास**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने र नक्सापास नगराई भवन निर्माण गर्न नहुने उल्लेख छ । यस पालिकावाट आ-व- २०७७।७८ मा १५ वटा घरको नक्सापासको लागि निवेदन दिएकोमा स्थायि तथा अस्थायि अनुमति नदिएको रअभिलेखिकरण १० वटा घरको घर सम्पन्न प्रमाणपत्र दिएको देखिन्छ।पालिकाले आफनो क्षेत्रभित्र बनेका घरहरुको अभिलेख तथ्यांकको व्यवस्थापन गर्नुपर्दछ । | |
| ९ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १ रहेको र यो बर्ष ३मुद्दा दर्ता भएकोमा ३ वटाफछ्र्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १० | | | **अनुगमन तथा भ्रमण खर्च**<br>भ्रमण खर्च नियमावली२०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्ला भित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु ३० लाख ९७ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख दुरी आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ । | |
| ११ | | | **विविध तथा खाना खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शिर्षकवाट १४ लाख ७६ हजार खाना खाजा लगायत विविध खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ तथा प्रयोजन खुल्दैन ।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १२ | | | **कर्मचारी कल्याणकोष**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय कर्मचारी कल्याण कोषमा रु.१५ लाख ट्रान्सफर गरेको छ । तर १० प्रतिशतले हुन आउने रकम नराखेको कारण त्यस कोषमा कार्यालयको मात्र योगदान देखिएको छ । कार्यालयको योगदान मात्र राखी कल्याण कोष खडा गर्नु उचित देखिएन । कोषको संचालन सम्बन्धी पालिकाबाट एक निर्देशिका तयार भएको जानकारी प्राप्त भएतापनि लेखापरीक्षणको क्रममा उक्त निर्देशिका प्राप्त भएन । ऐनमा भएको व्यवस्थाको विपरीत कर्मचारीले खाईपाई आएको १० प्रतिशत रकम नपठाइ कल्याण कोष सञ्चालन गर्नु उचित देखिएन । कानूनमा भएको उपरोक्त व्यवस्थाको पालना गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **क्षेत्रगत बजेट**<br>स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br><table><tr><td>क्षेत्र/उप क्षेत्र</td><td>विनियोजन</td><td>खर्च</td><td>खर्च (%)</td></tr><tr><td>आर्थिक विकास</td><td>३१२८००००</td><td>२४८५७८३१</td><td>७९.४७</td></tr><tr><td>सामाजिक विकास</td><td>२५३७९४०००</td><td>२३१७०१७०५</td><td>९१.३</td></tr><tr><td>पूर्वाधार विकास</td><td>१२६०८७०००</td><td>८९७९५४२६</td><td>७१.२२</td></tr><tr><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>२२५२०००</td><td>१५१३३०९</td><td>६७.२</td></tr><tr><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>७८७७८०००</td><td>६१६११५०१</td><td>७८.२</td></tr><tr><td></td><td>४९२१९१०००</td><td>४०९४७९७७२</td><td>८३.१९</td></tr></table>उल्लिखित विवरण अनुसार<br>पुर्वाधार विकासमा कुल खर्चको ७१.२२% रहेको छ भने सामाजिक विकासमा ९२।३ खर्च भएको देखिएको छ । पूँजीगत खर्चमा वृद्धि गरी लक्षित उद्धेश्य हासिल गर्नुपर्दछ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **चौमासिक पुँजिगत खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण वनाई केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने केन्द्रिय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय<br>र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहायबमोजिम छ ।कुल खर्च मध्ये तेस्रो चौमासिकमा मात्र ५९ प्रतिशत खर्च भएको विवरण पेश भएको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आर्थिक वर्षको अन्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ | |

| क्र.सं. | बजेटउपशीर्षक | बजेटरखर्च | | प्रथमचौमासिक | | दोस्रोचौमासिक | | तेस्रोचौमासिक | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च |
| १ | पुजीगत | १८८१७९ | १३७९५९ | २२९२४ | १३७०२ | ६१५०० | ४२८९० | ९६६५९ | ८१३६५ |
| खर्च प्रतिशत ७३.३१ रहेको छ। कुल खर्च मध्ये असारमा भएको खर्च रु ४९२९६ | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **योजना कार्यन्वयनको स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | ११८ | १००३०००० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | ३४८ | १०४४००००० |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | २४ | १९२०००००० |
| ४ | १० लाख देखि ५० लाख सम्मका योजनाहरु | १५ | ३७५०००००० |
| ५ | ५० लाख भन्दा माथिका योजनाहरु | ७ | ७५५०००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **कार्यक्रमगत प्रगतिः** पालिकाले तोकिएको लक्ष्य पुरा गरी शत लक्षित प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ। पूँजीगत कार्यक्रम तर्फ कम प्रगति भएका केही उदाहरण देहायअनुसार छन्: | |

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| वडा कार्यालय निर्माण समपुरक कोष | नेपाल सरकार - समानिकरण अनुदान | १२,२८ | ० | ० |
| वडा कार्यालय निर्माण समपुरक कोष | आन्तरिक श्रोत | ५,०० | ० | ० |
| विद्यूतिकरण कार्यक्रम | नेपाल सरकार - समानिकरण अनुदान | १०,०० | ० | ० |
| लाटापिपल क्लभर्ट निर्माण | नेपाल सरकार - समानिकरण अनुदान | ११,०० | ० | ० |
| नमुना कृषि कार्यक्रम (५० प्रतिशत साझेदारी) | नेपाल सरकार - समानिकरण अनुदान | ५,०० | ० | ० |
| लामडाँडा चिप्लाङ् ग्रामिण सडक | नेपाल सरकार - समानिकरण अनुदान | ३,०० | ० | ० |
| नमुना कृषि कार्यक्रम विरुवा ८ | नेपाल सरकार - समानिकरण अनुदान | ५,०० | ० | ० |
| पूरानो फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम | नेपाल सरकार - शसर्त अनुदान चालु | ७,५० | ० | ० |
| ओतर्के खोला ट्रेल बृज, फेदीको चौतारा ट्रेल बृज, , बिरुवा गाउँपालिका, स् | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत [ | १५,०० | ० | ० |
| कोल्डरुम/पोर्टेवल कोल्ड च्याम्वर निर्माण (लागत साझेदारी 50 प्रतिशत ) | नेपाल सरकार - शसर्त अनुदान चालु | ११,०० | ० | ० |
| विद्यालय कक्षाकोठा भवन निर्माण २ कोठे तथा ४ कोठे भवन | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | ९०,०० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **वित्तीय समानीकरणवाट चालू खर्चः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१ (४) मा स्थानीय तहले आफुले उठाएको आन्तरिक आय र राजस्व बाँडफाँटवाट प्राप्त हुने रकमवाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको विवरण पेश गर्नुपर्ने उल्लेख छभने दफा २८ मा अनुदान जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि मात्र खर्च गर्नुपर्ने उल्लेख गरेको छ। जस अनुसार वित्तीय समानिकरण अनुदानको वजेटवाट चालू प्रकृतिका कार्यमा खर्च गर्न मिल्दैन। तर यस स्थानीय तहले वित्तीय समानिकरण अनुदानको श्रोतवाट देहायअनुसारका चालु खर्च शिर्षकमा देहायअनुसार रु ९० लाख २२ हजार वजेट राखी रु ७० लाख २८ हजार खर्च गरेको छ। चालु प्रकृतिका खर्च आन्तरिक आय तथा राजस्व बाँडफाँटको रकमवाट खर्च गर्नुपर्नेमा समानीकरण अनुदानवाट खर्च गरेकोले यस शिर्षकवाट गरिने चालु प्रकृतिका खर्चमा पुर्णरुपमा नियन्त्रण गर्नुपर्दछ। | |

| खर्च संकेत नं. | खर्च शीर्षक | अन्तिम बजेट | यस महिना सम्मको खर्च |
|---|---|---|---|
| नेपाल सरकार - समानिकरण अनुदान : नेपाल सरकार - नगद अनुदान | | ९०२२००० | ७०२८९३२ |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २००००० | १७७३५७ |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २२,००० | १६,९५० |
| २२४११ | सेवा र परामर्श खर्च | ६००००० | २७७९९२ |
| २२५२२ | कार्यक्रम खर्च | ११५०००० | ३३९५०० |
| २२५२९ | विविध कार्यक्रम खर्च | १०००००० | ९८४२५० |
| २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | २१००००० | १९५५४६४ |
| २५३१२ | स्वास्थ संस्थाहरूलाई सहायता | ६००००० | २७७९२४ |
| २५३१४ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | ११५०००० | १११००२६ |
| २५३१५ | अन्य सस्था सहायता | २००००० | १९४००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २७११२ | अन्य सामाजिक सुरक्षा | १८००००० | १५०५३४० | | |
| | | | | २७२१२ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | २००००० | १९०१२९ | | |
| १८ | | | **राहत उद्धार तथा विपद व्यवस्थापन खर्च**<br>सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक सहायता प्रदान गर्ने र यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन २०७५ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको राहत उद्धार तथा पुर्नस्थापना खर्चमा रु ८७ लाख ३० हजार अबण्डा राखि रु ७३ लाख २७ हजार खर्च गरेको छ। खर्च गर्दा वास्तविक राहत तथा आर्थिक सहयोग गर्नुपर्ने व्यक्तिहरुलाई प्रकोप तथा क्षतिको मापन नगरि रु ५ देखि १५ हजार को दरले व्यक्तिहरुलाई विभिन्न भौचरबाट भुक्तानी दिएको छ। साथै विपद व्यवस्थापनको लागि प्लास्टिक त्रिपाल तथा पाइप खरिद गरि वितरण गरेको पाइयो। आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको तथा सम्वन्धित वडाध्यक्षहरुको सिफारिसमा सहायता दिएको जस्ता अवस्था देखियो।पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन।उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ। | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **आन्तरिक आय:**<br>**आन्तरिक आय सम्वन्धमा देखिएका अन्य व्हयोरा देहायअनुसार छन् :**<br>· **मनोरञ्जन करः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल,सांस्कृतिक प्रदर्शन हल, संगीत थियटर, मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७८।७९ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिएन। पालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर पहिचान तथा एकिन गरी असुल गर्नुपर्दछ।<br>· **जडीवुटी कवाडी र जीवजन्तु करः**ऐनको दफा ६१ मा जडीवुटी कवाडी र जीवजन्तु कर लगाउने व्यवस्था भएकोमा सो को पहिचान गरेको छैन ।<br>· **व्यवसाय करः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने उल्लेख छ पालिकाले आफ्ना क्षेत्रभित्र व्यवसाय गर्ने करदाताहरुको लगत नराखेको तथा करदाताहरुको पहिचान गरेको छैन । जसको कारण उठनुपर्ने रकम प्राप्त भएको छैन । सवै व्यवसायलाइ करको दायरामा ल्याइ आन्तरीक आयमा वृद्धि गर्नुपर्ने देखिन्छ<br>· **घर बहाल करः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५७ बमोजिम गाउँपालिका तथा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा कारखाना बहालमा दिएकोमा गाउँपालिका तथा नगरपालिकाले त्यस्तो बहाल रकमको १० प्रतिशत कर संकलन गर्ने उल्लेख छ। पालिकाले आफनो क्षेत्रभित्र रहेको करदाताहरुको पहिचा लगत तथा कर संकलन गरेको पाइएन। यस सम्बन्धमा पालिकाले राजस्व संकलन तर्फ ध्यान दिनुपर्ने देखिन्छ।<br>· **व्यवसाय करः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने उल्लेख छ ।नगरपालिकाले आफ्ना क्षेत्रभित्र व्यवसाय गर्ने करदाताहरुको लगत नराखेको तथा करदाताहरुको पहिचान गरेको छैन । जसको कारण उठनुपर्ने रकम प्राप्त भएको छैन । सवै व्यवसायलाइ करको दायरामा ल्याइ आन्तरीक आयमा वृद्धि गर्नुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **सामुदायिक वनबाट रकम प्राप्त नगरेको:**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि तथा उपयोग सम्वन्धी वार्षिक कर्यायोजना वनाई सम्वन्धीत तहवाट स्वीकृत गराउनुपर्ने र सामुदायिक वनले वन पैदावारको विक्रि वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा वुझाउनुपर्ने व्यवस्था छ । जिल्ला वन कार्यालयवाट प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत देहायका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि गरेकोमा उक्त रकमको १० प्रतिशतले हुने रकम यस पालिकामा वुझाउनुपर्नेमा वुझाएको छैन भने उक्त रकम उठाउन स्थानीय तहले कुनै पहल समेत गरेको देखिएन । उक्त रकम असुल गर्नुपर्ने रु | १७३,५५१ |

| सि नं | सामुदायिक उपभोक्ता समुहको नाम | ठेगाना | मु अ कर | कुल विक्रि रकम | पालिकामा वुझाउनुपर्ने रकम |
|---|---|---|---|---|---|
| १ | झाँगडी सामुदायिक वन उ स | विरुवा २ | १५५००० | ११९२३०७ | ११९२३० |
| २ | ईजार सामुदायिक वन उ स | विरुवा ७ | ७०५०० | ५४२३०८ | ५४२३१ |
| | जम्मा | | २२५५०० | १७३४६१५ | १७३५५१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **फिल्ड भत्ताः**<br>नेपाल सरकारबाट जारी भएको सार्वजनिक खर्च मितव्ययीता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ को दफा ६ मा सार्वजनिक निकायमा कार्यरत कर्मचारीहरुलाई साविकमा प्रदान गरिदै आएको पोशाक खर्च, महङ्गि भत्ता र स्थानिय भत्ता बाहेकका अन्य कुनै पनि प्रकारका विशेष भत्ता प्रदान गर्न नमिल्ने व्यवस्था गरेको छ। पालिकामा कार्यरत प्राविधिकहरालाई कार्यपालिकाबाट निर्णय गरि मासिक रु ४००००।को दरले बार्षिक रु ४८००००।खर्च लेखेको छ। पालिकाले मापदण्ड विपरित भत्ता भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखिएकोले अनियमित रु | ४८०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **करारको कर्मचारीलाई महंगि भत्ताः**<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं २१७ मिति २०७४।१।२५ को पत्रअनुसार सेवा करारमा कार्यरत स्वीकृत दरवन्दी भित्रका कर्मचारीलाइ शुरु तलव स्केल र कम्तीमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व साथै सालबसाली रुपमा एक पटक चैत महिनामा पोशाक भत्ता जस्ता सुविधा मात्र सम्झौतामा उल्लेख गरि करारको कर्मचारीहरुको सेवा सुविधा तोक्न मिल्ने हुदा सोहि अनुसार कार्यान्वयन गर्नु पर्ने उल्लेख छ। पालिकाले करारमा नियुक्त गरेको १४ जना कर्मचारीहरुको मासिक र २८०००। महङ्गि भत्ता भुक्तानि गरेको छ । तोकिएको सुविधा भन्दा बढि भुक्तानि दिनु अनियमित देखिएको रु | ३३६,००० |
| २३ | | | **समपुरक अनुदान:** | |
| २३.१ | | | समपुरक अनुदान सम्बन्धी कार्यविधि २०७५ को दफा ६ मा व्यवस्था भए बमोजम संघीय संचित कोषबाट स्थानीय तहमा भएको वित्तिय हस्तान्तरण रकम मध्ये सशर्त अनुदानको समपुरक अनुदानमा संघ तथा प्रदेशले ५० प्रतिशत तथा पालिकाले ५० प्रतिशत खर्च गर्नुपर्दछ । यस पालिकाले वडा नं ८ कार्यालय भवन निर्माण शिर्षकको लागि रु ४६००००० बजेट विनियोजन गरेको देखियो । कार्यालयले उक्त शिर्षकमा रु ४६४३७७५ खर्च गरेको देखिएकोले विनियोजित रकम भन्दा बढी खर्च गरेकोले खर्च समर्थन नगरी खर्च गरेको रु ४३७७५ अनियमित देखिएको रु | ४३,७७५ |
| २३.२ | | | सशर्त अनुदानमा संघीय सरकारले ५० प्रतिशत र गाउँपालिकाले ५० प्रतिशत खर्च व्यहोर्नुपर्नेमा जम्मा खर्च भएको रु ४६४३७७५ मध्ये संघीय सरकारबाट रु २३२१८८७।५ र गाउँपालिकाबाट रु २३२१८८७।५ खर्च गर्नुपर्नेमा सबै संघबाट प्राप्त रकम खर्च गरेकोले अनुपात नमिलाई बढि खर्च गरेको रकम संघीय कोषमा फिर्ता गर्नुपर्ने रु | २,३२१,८८६ |
| २४ | | | **ढुवानी कर:**<br>४३।२०७९।०३।२४ ढुवानीमा १० प्रतिशत कर कट्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाले गोबर ग्याँस निर्माण गर्नको लागि बालुवा, गिट्टि ढुवानी गरेवापत ट्याक्टर नम्बर ग १८२६३३ का ईश्वर घर्तिलाई रु १६८००० भुक्तानी गरेकोमा सो रकमको भाडा कर वापत रु १६८००।कट्टि नगरेकोले असुल गर्नुपर्ने रु | १६,८०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **पेश्की बाँकि**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेश्की दिने तथा फर्छ्यट गर्ने सम्वन्धी व्यवस्था छ। जसअनुसार कार्यालयले गोविन्द पौडेल हार्डवयर सेण्टरको वडा कार्यालय भवन निर्माणको लागि रु १४५००००। पेश्की लिएकोमा फछर्यौट नगरेकोले उक्त पेश्की नियमानुसार फछर्यौट गर्नुपर्दछ। | |
| २६ | | | **तालिमको नर्म्स भन्दा बढी भुक्तानी**<br>गण्डकी प्रदेश खर्चको मापदण्ड २०७५ मा सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोहि कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाउने र कार्यपत्र बापतको रकम रु ८००।पाउने उल्लेख छ। लेखापरिक्षणको क्रममा नमुना छनोट गरि हेर्दा पालिकाले देहायको तालिम तथा अभिमुखिकरण कार्यक्रमामा कार्यालयको कर्मचारीहरु प्रशिक्षक भएको अवस्थामा कार्यपत्र र कक्षा सञ्चालन बापतको भत्ता भुक्तानी गरेको पाइएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु | ५,९०० |

| भौ नं | नाम | कार्य विवरण | कक्षा संचालन संख्या | भुक्तानी रकम | बढी रकम |
|---|---|---|---|---|---|
| १२३ | जिवलाल भुसाल | शैक्षिक सुचना सम्बन्धि अभिमुखिकरण तालिम | १ | २५०० | १७०० |
| ८५ | विष्णु प्रसाद अर्याल | कृषि अभिमुखिकरण तालिम | १ | १५०० | ७०० |
| ८५ | नारायण प्रसाद अर्याल | कृषि अभिमुखिकरण तालिम | २ | ३००० | १४०० |
| ८५ | कुल राज सुवेदि | कृषि अभिमुखिकरण तालिम | २ | ३००० | १४०० |
| ८५ | रवि वाग्ले | कृषि अभिमुखिकरण तालिम | १ | १५०० | ७०० |
| जम्मा | | | | | ५९०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७</td><td></td><td></td><td>खर्चको प्रमाण पेश नभएकोः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ पालिकाले देहायबमोजिमको भुक्तानीमा खर्चको विल भरपाई पेश नभएकोले विल भरपाई पेश गर्नुपर्ने रु
<table>
<tr><th>भौ नं</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>२८३</td><td>गाउँस्तरिय खेलकुद विकास समितिलाई</td><td>२५००००</td></tr>
<tr><td>५५२</td><td>सामुदायिक विद्यालयमा इन्टरनेट जडानको लागि भुक्तानी भएको</td><td>१५२०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४०२०००</td></tr>
</table></td><td>४०२,०००</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>बढि बैठक भत्ता भुक्तानी<br>गाउँसभा नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन २०७७ को दफा ८ मा सभा कार्यपालिका वडा समिति वा न्यायिक समितिका साथै स्थानीय तहको अन्य कुनै समितिको वैठकमा भाग लिए वापत प्रत्येक दिनको लागि अनुसूची वमोजिम रु १०००। को दरले भत्ता पाउने व्यवस्था गरेकोमा पालिकाले देहायका भौचरवाट खर्च गर्दा प्रति वैठक रु१५००। को दरले भत्ता उपलव्ध गराएको छ। २०७७ असारबाट लागु यस ऐन भन्दा पहिलेको पदाधिकारीको सुविधा सम्वन्धी ऐन (जुन सम्मानित सर्वोच्च अदालतवाट खारेज भएको थियो) मा कुनै वैठक भत्ता दिने व्यवस्था नभएकोमा यस ऐनले प्रति वैठक रु १०००। मात्र तोकेकोले पालिकाले एघारौ गाउँसभा बैठकमा रु १५७०००। भुक्तानी गर्नुपर्नेमा रु २३५५००।भुक्तानी भएकोले बढी भुक्तानी भएको रु ७८५००। वढी भुक्तानी भएको कर कट्टी पछिको रकम असुल गर्नुपर्ने रु</td><td>७८,५००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९</td><td></td><td></td><td>

**सोझै खरिद**

सार्वजनिक खरिद नियमावली२०६४ को नियम ८४ मा रु २० लाख भन्दा वढीको मालसामान खरिद गर्दा सिलवन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्नेमा सो नगरी देहायका बिभिन्न फर्महरुबाटकार्यालय सामानहरु सिधै खरिद गरिएको तथा सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरि एउटा आपुर्तिकर्तासँग उल्लेखित सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नहुने उल्लेख भएकोमा पालिकाले प्रतिस्पर्धात्मक विधि बाट खरिद कार्य गर्नुपर्दछ।

<table>
<tr><th>भौ. नं.</th><th>कार्यक्रम/आयोजना/क्रियाकलापको नाम</th><th>विवरण</th><th>डेबिट</th></tr>
<tr><td>21</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>अधिकारी कम्प्युटर प्रिन्टर्स एण्ड एडभटाइजिङ</td><td>१७११९५</td></tr>
<tr><td>22</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>लेखा कम्प्युटर एण्ड गुड्स सप्लायर्सलाई</td><td>१८२४९५</td></tr>
<tr><td>23</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>अधिकारी कम्प्युटर प्रिन्टर्स एण्ड</td><td>१७०७८८</td></tr>
<tr><td>182</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>अधिकारी कम्प्युटर प्रिन्टर्स एण्ड</td><td>१९४७४४</td></tr>
<tr><td>444</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>अधिकारी कम्प्युटर प्रिन्टर्स एण्ड</td><td>१६९६१३</td></tr>
<tr><td>422</td><td>फर्निचर तथा फिक्चर्स</td><td>सिटिजन फर्निचर ट्रेड लिङक प्रा लि</td><td>११३८४६९</td></tr>
<tr><td>425</td><td>फर्निचर तथा फिक्चर्स</td><td>युवा ट्रेड सप्लायर्स लाई फर्निचर फिक्चर्स</td><td>४५४४८४</td></tr>
<tr><td>161</td><td>कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च</td><td>म्याट्रिक्स सफ्टेक प्रा. लि.</td><td>५,९९,०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३०८०७८८</td></tr>
</table>

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>दोहोरो भत्ता भुक्तानी<br>गण्डकी प्रदेश सरकारले जारी गरेको गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिको सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७६ को दफा ९ मा पदाधिकारी तथा सदस्यले स्थानीय तहसँग सम्बन्धित कामको सिलसिलामा आफ्नो कार्यक्षेत्र भित्र बाहेक भ्रमणमा जाँदा अनुसुचि क मा उल्लेखित दरमा नबढ्ने गरि दैनिक भ्रमण खर्च पाउने व्यवस्था छ। पालिकाको जनप्रतिनिधिले जिल्ला भित्र तथा बाहिरको स्थान राखि भ्रमण को उद्देश्य नखुलाई भ्रमण आदेश र बिल राखि भुक्तानी लिएको छ। पदाधिकारिले भ्रमणमा गएको दैनिक भ्रमण खर्च तथा सोहि मितिको कार्यालयमा विभिन्न समितिको बैठक भत्ता समेत लिएको पाइयो नमुना छनोट गर्दा निम्न मितिको रकम दोहोरो परेकोले सम्बन्धित बाट असुल हुनुपर्ने रु
<table>
<tr><th>नाम</th><th>दैनिक भ्रमण मिति</th><th>सोहि समयको बैठक भत्ता रकम</th><th>दोहोरो बैठक भत्ता रकम</th></tr>
<tr><td>चुन प्रसाद शर्मा</td><td>२०७८।६।१३ देखि ०६।२५ सम्म रु २४७५०</td><td>१०५००</td><td>१०५००</td></tr>
</table></td><td>१०,५००</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>पदाधिकारी लाई थप सुविधा भुक्तानी<br>गाउँसभानगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन २०७७ को अनुसूचिमा मा तोकिए बमोजिमको सुविधा दिने उल्लेख छ। गाउपालिकाले अध्यक्षय श्री चुन प्रसाद शर्मा लाई मासिक रु १००००। को दरले अतिथि सत्कार सुविधा उपलब्ध गराउने व्यवस्था भए बमोजिम पालिकाले मासिक रुपमा अतिथि सत्कार बापत सुविधा भुक्तानी गरेकोमा गाउँपालिकको अध्यक्ष श्री चुन प्रसाद शर्मालाई अतिथि सत्कार तथा विविध खर्च बापत भौ नं ५७ र १८८ बाट रु ६०९७९। रकम भुक्तानी गरेको छ। मासिक रुपमा सुविधा अतिथि सत्कार बापत रकम उपलब्ध गराउदा दोहोरो भुक्तानी भएकोले दोहोरो भुक्तानी भएको रकम असुल हुनुपर्ने रु</td><td>६०,९७९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **एम.आई.एस.प्रणाली बमोजिम सामाजिक सुरक्षा भत्ता निकासा नभएको**<br>सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १० को उपनियम ३ मा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैँकिङ्ग प्रणालीबाट मात्र वितरण गर्नुपर्ने व्यवस्था रहेकोमा विरुवा गाउँपालिकाले दलित बालबालिका भत्ता बैँङ्क मार्फत नभई वडा सचिवलाई पेश्की दिएर आर्थिक वर्षको अन्त्यमा वितरण गर्ने गरेको तथा सो भत्ता वितरण गर्दा बालबालिकाको भत्ता बुझिलिने व्यक्तिको परिचय खुल्ने कागजपत्र नभएकोले भत्ता बुझ्ने व्यक्ति बालबालिकाको संरक्षक हो वा होइन यकिन गर्न नसकिएको साथै सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी २०७७ को दफा १४ को उपदफा ५ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्दा प्रणालीमा रहेको अनुसूची – ७ बमोजिमको भरपाई प्रतिवेदन तथा अनुसूची – ८ बमोजिमको फर्वाड फिडको आधारमा गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले फर्वाड फिडको प्रयोग नगरेको साथै सो बमोजिम भत्ता निकासा गर्ने नगरेको पाईयो। कार्यालले यसमा सुधार गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **नागरिकता नम्बर उल्लेख नगरी भत्ता वितरण**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी २०७७ को दफा ८ मा भत्ता पाउन योग्य लाभग्राहीको उमेरको गणना नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लेखित जन्ममितिलाई आधार मानिने उल्लेख गरिएकोमा विरुवा गाउँपालिकामा लेखापरीक्षणका क्रममा वडा नं. ४ मा नमुना छनोट गर्दा देहाएका लाभग्राहीको नागरिकता नम्बर उल्लेख नभएकोले प्रणाली अद्यावधिक गर्नुपर्नेः | |

| लाभग्राहीको प्रकार | वडा नं. | नामथर |
|---|---|---|
| ज्येष्ठ नागरिक अन्य | ४ | गोपाल थापा |
| ज्येष्ठ नागरिक अन्य | ४ | मेख बहादुर गुरुङ |
| ज्येष्ठ नागरिक अन्य | ४ | खिमनारायण पोखरेल |
| ज्येष्ठ नागरिक अन्य | ४ | ज्ञान माया गुरुङ |
| ज्येष्ठ नागरिक अन्य | ४ | निरमाया थापा |
| ज्येष्ठ नागरिक अन्य | ४ | महेन्द्रलाल शर्मा |
| ज्येष्ठ नागरिक अन्य | ४ | लोकमाया पोख्रेल |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता बढी निकासा<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधीको दफा ४ को उपदफा ६ मा म्यादभित्र नविकरण नभएका लाभग्राहीको लगत कट्टा गर्नुपर्ने व्यवस्था भएकोमा लेखापरीक्षणका क्रममा नमुना छनोट गर्दा देहाएका वडाहरुमा नविकरण नगरेका लाभग्राहीहरुलाई समेत पालिकाले सामाजिक सुरक्षा भत्ता निकासा गरेको तथा अन्य देहाएका लाभग्राहीहरुलाई बढी निकासा गएकोले असुल गर्नुपर्ने रु
<table>
<tr><th>वडा नं.</th><th>लाभग्राहीको नामथर</th><th>लाभग्राहीको विवरण</th><th>भुक्तानी हुनुपर्ने रकम</th><th>भुक्तानी भएको</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१</td><td>गोविन्द बहादुर खत्री</td><td>लगत कट्टा भएको (मिति २०७९।०२।३१)</td><td>८०००</td><td>१२०००</td><td>४०००</td></tr>
<tr><td>१</td><td>टिकाराम शर्मा</td><td>नविकरण नभएको</td><td>०</td><td>४८०००</td><td>४८०००</td></tr>
<tr><td>४</td><td>दल कुमारी थापा</td><td>नविकरण नभएको</td><td>०</td><td>४८०००</td><td>४८०००</td></tr>
<tr><td>४</td><td>भुपाल राना</td><td>नयाँ दर्ता (मिति २०७८।०६।०१)</td><td>४०००</td><td>१२०००</td><td>८०००</td></tr>
<tr><td>४</td><td>कृष वि.क.</td><td>५ वर्ष उमेर पुरा (२०७८।०७।३०)</td><td>२१२८</td><td>२६६०</td><td>५३२</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१०८५३२</td></tr>
</table></td><td>१०८,५३२</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>खर्चको विल भरपाई वेगर भुक्तानी:<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) अनुसार बिल भरपाई सहित लेखा राख्नुपर्दछ । पालिकाले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता गाउँस्तरीय खेलकुद विकास समितिलाई रु १००००० भुक्तानी गरेकोमा उक्त खर्चको बिल भरपाई संलग्न बेगर खर्च गरेकोले खर्च गरेको बिल भरपाई पेश गर्नुपर्ने रु</td><td>१००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६</td><td></td><td></td><td>तलवी प्रतिवेदन<br>शिक्षा ऐन २०२८ बमोजिम स्थानीय तह अन्तर्गतका शिक्षकहरुको वार्षिक प्रतिवेदन शिक्षक किताबखानाबाट पारित गराई तलब खर्च लेख्नुपर्दछ ।पालिकाले यो वर्ष शिक्षकहरुको तलबी प्रतिवेदन पारित नगराई रु ३६ करोड ५५ लाख ८३ हजार खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको देखिएकोले कुन कुन शिक्षकले के कति तलब तथा ग्रेड पाउनुपर्ने हो यकिन गर्न सकिएन। ऐनमा भएको व्यवस्था अनुरुप तलबी प्रतिवेदन पारित गराएर सो पारित तलबी प्रतिवेदनको आधारमा तलब भत्ता खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>तलब भत्ता बढी निकासा<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले कुनै पुष्टि गर्ने आधार बिना नै देहाएका विद्यालयहरुमा देहाए बमोजिमले बढी निकासा दिएकोले असुल उपर गर्नुपर्ने रु
<table>
<tr><th>भौ.नं.</th><th>मिति</th><th>विद्यालयको नाम</th><th>विवरण</th><th>निकासा हुनुपर्ने</th><th>निकासा भएको</th><th>बढी निकासा रु</th></tr>
<tr><td></td><td></td><td>श्री भुरुङ् मा.वि.</td><td>असोज तलब</td><td>४५९६७२.५</td><td>४६१८९९</td><td>२२२६.५</td></tr>
<tr><td>३</td><td>२०७८।०६। १८</td><td>श्री जामुनेडाँडा मा.वि</td><td>चाडपर्व खर्च</td><td>४८७८४८</td><td>४९५८४८</td><td>८०००</td></tr>
<tr><td>८७</td><td>२०७९।०१। ०५</td><td>श्री जामुनेडाँडा मा.वि</td><td>पोशाक भत्ता</td><td>१६००००</td><td>१७००००</td><td>१००००</td></tr>
<tr><td>१०५</td><td>२०७९।०२। १८</td><td>श्री खुदी आ.वि.</td><td>बैशाख,जेठ र असारको तलब</td><td>२०१८३० प्रति महिना</td><td>२०३८३० प्रति महिना</td><td>६०००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>२६२२७</td></tr>
</table></td><td>२६,२२७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td></td><td></td><td>पाठ्यपुस्तक अनुदान बढी निकासा<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।०७९ को क्रियाकलाप नं. २.४.६.१ मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १ – १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सो का आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यसरी यकिन भएका विद्यार्थी संख्याका लागि पाठ्यक्रम विकास केन्द्रद्धारा स्वीकृत दररेटका आधारमा हिसाब गरी अनुदान उपलब्ध गराउने व्यवस्था छ । तर पालिकाले विद्यालयले पाठ्यपुस्तक खरिद गरी पेश गरेको बिल भरपाईका आधारमा अनुदान उपलब्ध गराएको साथै देहाए बमोजिम स्वीकृत दररेट भन्दा बढी दररेटका आधारमा अनुदान उपलब्ध गराएकोले असुल उपर गर्नुपर्ने रु<br><br>
<table>
<tr><th>कक्षा</th><th>विद्यालयको नाम</th><th>स्वीकृत पाठ्यपुस्तक दर</th><th>परिमाण खरिद</th><th>निकासा हुनुपर्ने</th><th>निकासा भएको</th><th>बढी निकासा</th></tr>
<tr><td>८</td><td>देववाणी आ.वि.</td><td>७६१.३</td><td>१२</td><td>९१३५.६</td><td>१०३४४</td><td>१२०८.४</td></tr>
<tr><td>८</td><td>प्रभात आ.वि.</td><td>७६१.३</td><td>६</td><td>४५६७.८</td><td>५१७२</td><td>६०४.२</td></tr>
<tr><td>८</td><td>खुदी आ.वि.</td><td>७६१.३</td><td>८</td><td>६०९०.४</td><td>७०५६</td><td>९६५.६</td></tr>
<tr><td>८</td><td>दिव्य प्रकाश मा.वि.</td><td>७६१.३</td><td>७</td><td>५३२९.१</td><td>६०३४</td><td>७०४.९</td></tr>
<tr><td>८</td><td>जामुनेडाँडा मा.वि.</td><td>७६१.३</td><td>१६</td><td>१२१८०.८</td><td>१३७९२</td><td>१६११.२</td></tr>
<tr><td>८</td><td>जन जागृति आ.वि. ६</td><td>७६१.३</td><td>७</td><td>५३२९</td><td>६०३४</td><td>७०५</td></tr>
<tr><td>८</td><td>सिद्धमण्डली आ.वि.</td><td>७६१.३</td><td>३</td><td>२२८३.९</td><td>२५८६</td><td>३०२.१</td></tr>
<tr><td></td><td colspan="3">जम्मा</td><td></td><td></td><td>६१०१</td></tr>
</table></td><td>६,१०१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | 40 | २०७८-१०-२३ | **सेनिटरी प्याड खरिदमा देखिएका व्यहोरा**<br>पालिकाले यस बर्ष सत्यम सर्जिकल्स बाट१६१८० थान स्यानिटरी प्याड खरिद गरि रु ८०६०००। खर्च लेखेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा यस प्रकार छनः<br>**लागत अनुमान वेगर खर्चः** सार्वजनिक निकायले माल सामानको लागत अनुमान तयार गर्दा चालु आ.वा, अघिल्लो बर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दर, अन्य बजारको प्रचलित दरभाउ, मालसामानको आपुर्ति गर्ने स्थान सम्म लाग्ने अनुमानीत ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेट जस्ता पक्षलाई आधार लिई लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली ०६४ को नियमा ११ मा उल्लेख छ। कार्यालयको यस बर्ष १६१८० थान स्यानीटरी प्याड खरिद कायको लागि उपरोक्त व्यवस्था बमोजिको लागत अनुमान तयार नगरी ३ वटा विक्रेता फर्मको दर को तुलना गरी खरिद कार्य गरेको छ। लागत अनुमान वेगर बिक्रेता फर्मको दर लाई मात्र आधार लिई खरिद कार्य गरेको कारण कार्यालयको खरिद कार्य प्रतिस्पर्धात्मक मितव्ययी भयो भन्न सक्ने अवस्था देखिएन। खरिद कानुनमा भएको व्यवस्था अनुसार लागत अनुमान बनाई प्रतिस्पर्धा लाई सुनिश्चीत गरी खरिद कार्य गरिनु पर्दछ। | |
| ४० | | | **औषधी खरिदः**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नुहुँदैन भन्ने व्यवस्था रहेको छ । नियमावलीको नियम ३१ मा सार्वजनिक निकायले २० लाख भन्दा माथिको जुनसुकै खरिद कार्य खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष सोझै खरिद गरेको निम्नानुसारको विवरण रहेको छ । कानुनले तोकेको प्रक्रिया पुर्याएर खरिद गर्नुपर्दछ। | |

| गो.भौ.नं. | मिति | फर्मको नाम | रकम |
|---|---|---|---|
| १९६ | २०७९।०३।२५ | हिमसागर मेडिकल हल | ५३१५१३ |
| १९७ | २०७९।०३।२५ | माउण्ट अन्नपूर्ण फार्मेसी | ६८३५१२ |
| १९९ | २०७९।०३।२५ | राम लक्ष्मण फार्मेसी | ४९६७५७ |
| २०० | २०७९।०३।२५ | माउण्ट अन्नपूर्ण फार्मेसी | ४६५५५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा २१७७३३२<br><br>औषधि सम्बन्धी खरिदमा देखिएका व्यहोराहरु देहाए बमोजिम रहेका छनः<br>पालिकाले माउण्ट अन्नपूर्ण फार्मेसी मिति २०७९।०१।०८ मा रु ४६५५५०।र मिति २०७९।०३।१३ मा रु ६८३५१२ समेत रु ११४९०६२। सीमा भन्दा माथिको एउटै आपूर्तिकर्ताबाट पटकेःरुपमा खरिद गरेको छ।<br><br>· औषधि खरिद गर्नु पूर्व औषधिको लागत अनुमान बनाएर खरिद गर्नुपर्नेमा नगरेको ।<br><br>· आपूर्ति हुने औषधि डब्ल्यु. एच. ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, व्याच नम्बर, र म्याद समाप्त हुने मिति उल्लेख हुने गरी सम्बन्धित विज्ञबाट मुचुल्का बनाई राख्ने नगरेको ।<br><br>· यो औषधि बिक्रिको लागि होइन भन्ने नखुलाएको ।<br><br>· आपूर्ति गरिएका औषधि एवम् सर्जिकल सामान स्टोर दाखिला हुनु अगाडि स्पेशिफिकेसन अनुसार भए नभएको सम्बन्धमा नखुलाएको ।<br><br>· औषधिको जिन्सी किताबमा आम्दानी बाध्ने र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरि व्यवस्थित रुपमा रेकर्ड राख्ने नगरेको ।<br><br>· औषधि खर्च गर्दा माग फारमको आधारमा खर्च लेख्नुपर्नेमा एकमुष्ट घटाउने गरेको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **प्रशिक्षक भत्तामा बढि दर:**<br>अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७५ अनुसार संघीय सशर्त अनुदान सम्बन्धित कार्यालय भित्रका कर्मचारीले कक्षा सञ्चालन गरेमा प्रशिक्षक भत्ता वापत रु ८०० लिन पाउनेमा रु १५००। प्रशिक्षक भत्ता खर्च लेखेकोले निर्देशिकाले उल्लेख गरे भन्दा बढी दरमा २०७८।०७।२५ देखि २०७८।०८।०१ र २०७८।०७।१० देखि २०७८।०७।१६ सम्म पोषण सम्बन्धी कार्यक्रममा प्रशिक्षण दिएवापत देहाए बमोजिम प्रशिक्षक भत्ता बढी दरमा लेखेकोले खर्च गर्न पाउने भन्दा बढी खर्च भएको फरक असुल गर्नुपर्ने रु | ३७,९०० |

| कर्मचारीको नाम | दिन | हुनुपर्ने | भएको | बढी |
|---|---|---|---|---|
| प्रशिक्षक प्र.प्र.अ. कुलराज सुवेदी | ८ | ६४०० | १२००० | ५६०० |
| प्रशिक्षक गोगन सिंह | १४ | ११२०० | २१००० | ९८०० |
| सहायक प्रशिक्षक इन्द्र प्रसाद पौडेल | १४ | ११२०० | २१००० | ९८०० |
| सहायक प्रशिक्षक अलि बहादुर बुढा | ७ | ५६०० | १२००० | ६४०० |
| सहायक प्रशिक्षक सुरमा आले | २ | १६०० | ३००० | १४०० |
| सहायक प्रशिक्षक बिमल क्षेत्री | १ | ८०० | १५०० | ७०० |
| प्रशिक्षक बलराम पौडेल | २ | १६०० | ३००० | १४०० |
| सहायक प्रशिक्षक विष्णु अर्याल | २ | १६०० | ३००० | १४०० |
| सहायक प्रशिक्षक खुम बहादुर थापा | २ | १६०० | ३००० | १४०० |
| जम्मा | | ४१६०० | ७९५०० | ३७९०० |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **बढि भुक्तानी:**<br>३५।२०७९।०३।१५ अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७५ अनुसार कार्यालयभित्रका कर्मचारीले कक्षा सञ्चालन गर्दा रु ८००। का दरले प्रशिक्षक भत्ता ४ कक्षाको रु ३२०० लिनुपर्नेमा रु १५०० का दरले रु ६००० लिएकोले बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु | २,८०० |
| ४३ | | | **न्यानो झोला खरिद:**<br>१९८।२०७९।०३।२५आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले चिराग फार्मेसी प्रा.लि. पोखराबाट २०० थानको रु १७९८९६। खरिद भएको मध्ये १०० झोला प्रयोगमा आएको र बाँकि १०० झोला प्रयोगमा आएको र १०० झोला बाँकि रहेको छ । खरिद गर्दा स्टक नरहने गरी खरिद गर्नुपर्नेमा बढी खरिद गरेकोले न्यानो झोला प्रयोग भएको विवरण पेश गर्नुपर्ने रु | ८९,९४८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४४</td><td></td><td></td><td>पारिश्रमिक कर:<br>आयकर ऐन, २०५८ को दफा २२(२) मा प्राकृतिक व्यक्तिले रोजगारीबाटप्राप्त हूने आयको गणना गर्दा कर प्रयोजनको लागि नगद आधारमा लेखाङ्कन गर्नूपर्ने र दफा २३ मा कूनै व्यक्तिले कर प्रयोजनको लागि यस ऐनको अधिनमा रही रोजगारी वा लगानीबाट भएको आयको गणनाको लेखाङ्कन नगद आधारमा गर्दा निजले भूक्तानी प्राप्त गर्दा वा निजलाई सो भूक्तानी उपलब्ध हूंदाको अवस्थामा मात्र निजको आय गणनामा रकम प्राप्त गरेको मानी समावेश गर्नूपर्ने व्यवस्था रहेको छ ।पालिकाले तपशिल बमोजिमका कर्मचारीलाई आ व ०७८।०७९ को तलव भत्ता भुक्तानी दिएको घटि पारिश्रमिक कर कट्टा गरेको छ। अतः उक्त घटि कर कट्टा रकम असुल गर्नुपर्ने रु<br>
<table>
<tr><th>पद</th><th>नामथर</th><th>पारिश्रमिक कर</th></tr>
<tr><td>हे.अ. छैठौ</td><td>गोगन सिंह थापा</td><td>९१८२</td></tr>
<tr><td>हे.अ. छैठौ</td><td>तिल बहादुर थापा</td><td>५७०४</td></tr>
<tr><td>हे.अ. छैठौ</td><td>शिरामति थापा</td><td>५०१८</td></tr>
<tr><td>हे.अ. छैठौ</td><td>मुनादेवी लम्साल</td><td>५०१८</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२४१२२</td></tr>
</table></td><td>२४,१२२</td></tr>
<tr><td>४५</td><td></td><td></td><td>कृषि अनुदान:</td><td></td></tr>
<tr><td>४५.१</td><td></td><td></td><td>यस पालिकाले विभिन्न कृषि कार्यक्रममा बजेट विनियोजन गरेको मध्य नमुना कृषि कार्यक्रमा रु २०३५५३३। कृषक अनुदानमा रु ३००४८३७। र उपाध्यक्ष महिला उद्यमशिलता कार्यक्रमा रु.१९३५०००। गरी जम्मा रु ६९७५३७० अनुदान वितरण गरेको छ।सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।कार्यालयले साना साना कार्यक्रम वनाई वितरण गरेको अनुदानको केहि नमुना परीक्षण गर्दा तपशिल बमोजिमका कृषक समुह,उपभोक्ता समितलाई वितरण गरेको अनुदान वितरण पश्चात कार्यक्रमको उद्येश्य</td><td></td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अनुरुप अनुदानको सदुपयोग भएको हो होईन एकिन गर्न सक्ने गरी अनुगमन मुल्याङ्कन नभएकोले अनुदानको प्रभावकारी रुपमा प्रयोग हुने विषयमा आश्वस्त हुने आधार देखिदैन।यसमा कार्यालयले सुधार गर्नुपर्दछ। यस वर्ष संचालित कार्यक्रम तपशिल बमोजिम रहेका छन: | |

| भौ नं | कार्यक्रम | कामको विवरण | रकम |
|---|---|---|---|
| १८१ | नमुना कृषि कार्यक्रम | बंगुल पालन कार्यक्रम | ४०००० |
| १९४ | नमुना कृषि कार्यक्रम | कृषि औजार तथा विउँविजन वितरण | ६७९००० |
| ३४८ | नमुना कृषि कार्यक्रम | डाँडाबारी कृषक तथा पशुपालन समुह | ६००००० |
| १४५ | नमुना कृषि कार्यक्रम | ५० प्रतिशत अनुदानमा हाते ट्याक्टर वितरण | १४५००० |
| ४२९ | नमुना कृषि कार्यक्रम | सुरुङ कृषि तथा पशुपालन समहु | ५००००० |
| ४५७ | नमुना कृषि कार्यक्रम | कृषि तथा पशुपालन वडा नं ५ | ४३१५३३ |
| १८९ | नमुना कृषि कार्यक्रम | कृषि तथा पशुपालन वडा नं ६ | ३८८००० |
| ३२१ | कृषक अनुदान | साहुथर बाख्रापालन समुह | ५००००० |
| २४३ | कृषक अनुदान | आईरा झाक्री मल्टी फर्म | ७७६०० |
| २१३ | कृषक अनुदान | महिमा कृषि तथा पशुपंक्षी फर्म | ७७६०० |
| ३०९ | कृषक अनुदान | भिम बंगुर तथा कृषक फर्म | ३२९८० |
| ३०७ | कृषक अनुदान | एस के कृषि तथा पशुपालन फर्म | ७७६०० |
| ३३५ | कृषक अनुदान | लगनशिल कृषि फर्म | ७७६०० |


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६७</td><td>उपाध्यक्ष महिला उद्यमशिलता</td><td>मौरीघार प्लाष्टिक टनेल वितरण</td><td>२५००००</td></tr>
<tr><td>९२</td><td>उपाध्यक्ष महिला उद्यमशिलता</td><td>आलुको विउँ वितरण</td><td>२५००००</td></tr>
<tr><td>४३१</td><td>उपाध्यक्ष महिला उद्यमशिलता</td><td>भकारो सुधार</td><td>२५००००</td></tr>
<tr><td>१०९</td><td>उपाध्यक्ष महिला उद्यमशिलता</td><td>महिला उद्यमशिल कार्यक्रम वडा नं २</td><td>२५००००</td></tr>
<tr><td>१४३</td><td>उपाध्यक्ष महिला उद्यमशिलता</td><td>सातकन्या आमासमुह मौरी घार वितरण</td><td>२५००००</td></tr>
<tr><td>३४८</td><td>उपाध्यक्ष महिला उद्यमशिलता</td><td>बाख्रा खरिद तथा विउँविजन वितरण</td><td>२५००००</td></tr>
<tr><td>२४९</td><td>उपाध्यक्ष महिला उद्यमशिलता</td><td>कुमरेदुङ्ग कालिका कृषक समहु</td><td>२५००००</td></tr>
<tr><td>३१८</td><td>उपाध्यक्ष महिला उद्यमशिलता</td><td>अदुवा र बेसार उत्पादन तथा वितरण</td><td>२५००००</td></tr>
<tr><td>४०</td><td>पकेट विकास निरन्तरता कार्यक्रम(संघ शर्सत)</td><td>साना व्यावसायिक कृषि उत्पादन केन्द्र</td><td>४१४०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४५.२</td><td></td><td></td><td>पालिकाले कृषि तथा पशुपालनमा संलग्न कृषकको उद्यमशिलतालाई प्रोत्साहन गर्न तथा उनीहरुको आयस्तर वृद्धी गर्नका लागि कृषि अनुदान उपलब्ध गराएको देखिन्छ। पालिकाले अनुदान प्राप्त गर्नेलाभग्रीहिको अभिलेख विवरण अध्यावधिक नगरेकोले वास्तविक र अनुदान पाउन योग्य किसानहरुले नै पाएको छ भन्नसक्ने अवस्था रहेको दैखिदैन।पालिकाले कृषकहरुको विवरण अध्यावधिक गरी कृषि तथा पशुपालन अनुदान प्रक्रियालाई अनुदानमैत्री वनाउनु पर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५.३ | | | पालिकाले एकै प्रकृतीका अनुदान कार्यक्रम विभिन्न वडा तथा पालिकाबाट सञ्चालन गरेको भएता पनि कार्यक्रममा एकरुपता भएको देखिदैन। लागत सहभागिता तथा अनुदान भुक्तानीका मापदण्ड अधिकांश वडास्तरको सिफारिसका आधारमा तयार गरी एकै प्रकारका अनुदान कार्यक्रममा पनि प्रतिस्पर्धात्मक तरिकावाट खरिद नगरी उपभोक्ताका विलका आधारमा अनुदान दिइएको छ।साथै मापदण्डमा एकरुपता नहुँदा कुनै कार्यक्रममा एउटै प्रकृतीको कार्यक्रममा लागत सहभागिता र कुनैमा शतप्रतिशत अनुदान दिइएकोले निश्चित मापदण्ड तथा कार्यविधी तयार गरी एकमुष्ठ रुपमा प्रतिष्पर्धात्मक तवरले खरिद गरी समानता कायम हुने गरी अनुदान वितरण गर्नुपर्ने देखिन्छ। | |
| ४५.४ | | | १४५।२०७८।११।२५ प्रचलित कानुन बमोजिम करकट्टि गरी भुक्तानी गर्नुपर्दछ।पचास प्रतिशत साझेदारीमा हाते ट्याक्टर खरिदको विल रकम रु २९०००० को रु ८७०० अग्रिम आय कर कट्टा गर्नुपर्नेमा एस आर टि एग्रो ट्रेडर्सलाई पालिकाबाट भुक्तानी भएको रकम रु १४५००० को मात्र रु ४३५० अग्रिम आयकर कट्टा भएकोले घटि कट्टा भएको रकम असुल गर्नुपर्ने रु | ४,३५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५.५ | | | १४३।२०७८।११।१२ स्वीकृत दररेटको सिमा भित्र रहि खरिद कार्य गर्नुपर्दछ।यस कार्यालयले मौर घार खरिद तथा वितरणमा अनुदान वितरण गरेका तपशिल बमोजिमका कामको फाँटवारी परीक्षण गर्दा गोला सहितको मौरी घारको स्वीकृत जिल्ला दररेट रु ७५०० प्रति घार रहेकोमा कृषक समुह तथा समितिले स्वीकृत जिल्ला दररेटको सिमा भन्दा बढि रु ९००० प्रति घारको दरले खरिद गरेको विल पेश गरेको आधारमा कार्यालयले लाभग्राहि समुहलाई भक्तानी दिएको छ। यसरी भुक्तानी दिदा प्रति घार रु १५०० बढि भुक्तानी भएको छ।यसरी बढि भुक्तानी भएको रकममा लाभाग्राहि समुहको योगदानको अंश कट्टा गरी असुल गर्नुपर्ने रु | १०६,२०० |

| भौ नं | कामको विवरण | कृषक समुह | परिमाण | खरिद दर | फरक दर | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|
| १४३ | मौरी घार वितरण | सातकन्या आमा समुह | ३१ | ९००० | १५०० | ३७२०० |
| ४० | पकेट विकास निरन्तरता कार्यक्रम(संघ शर्सत) | साना व्यावसायीक कृषि उत्पादन केन्द्र वडा नं ४ र ५ | ९२ | ९००० | १५०० | ६९००० |
| | | | जम्मा | | | १०६२०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **रोजगारी सिर्जना नहुने काम उपभोक्ता समितिबाट:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । यस अतिरिक्त सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिका कार्य उपभोक्ता समितिमार्फत गराउन नहुने उल्लेख छ । यस नगरपालिकाले प्राविधिक ज्ञान र विभिन्न निर्माण उपकरण आवश्यक पर्ने सडक कालोपत्रे काम समेत उपभोक्ता समिति मार्फत सम्पन्न गराएको छ जसमा विभिन्न निर्माण व्यवसायीका उपकरण प्रयोग गरीएको छ। यसरी उपभोक्ता समितिमार्फत काम गराउदा प्रतिस्पर्धा नभई मितव्ययी नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर पक्ष कमजोर रहने, पुर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउदा रोजगारी श्रृजना नहुने अवस्था देखिदा यसरी गरेको कार्य ऐनमा भएको व्यवस्थाको प्रतिकुल रहेको देखिन्छ।निर्माण कार्यको गुणस्तर र दिगोपना सुनिश्चित गर्न यस किसिमका कार्य नियन्त्रण गर्न पालिकाले ध्यान दिनुपर्दछ। केहि व्यहोरा: | |

| भौ नं | निर्माण योजना | उपभोक्ता समिति | भुक्तानी रकम | मेसिन प्रयोग बिल |
|---|---|---|---|---|
| ७८ | द्धारेडाँडा खलडाँडा सडक | सडक निर्माण उ स | २९१००० | ३३११९९ |
| ८२ | स्वास्थ्य ईकाईदेखि भ्यूटावर सडक | सडक निर्माण उ स | २९१००० | ३३६५४३ |
| २८१ | सुरुङ्ग क्वादी चिन्नेवास सडक | सडक निर्माण उ स | ४०५९७७ | ४५२१५० |
| ३८३ | खत्री गाउँ सराङ्गे सिरुखेत ग्रा स | सडक निर्माण उ स | ८०१२५९ | ७८३९३५ |
| ३८७ | विरुवा तल्लो खाली सडक | सडक निर्माण उ स | ३८१७९४ | ४९९१६० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **हस्तान्तरण नहुने काम उपभोक्ता समितिबाट:**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै गर्नुपर्ने कुसुम भञ्ज्याङ्ग आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण उपभोक्ता समिति मार्फत गराईभौ न ४४१ मिति २०७९।०३।२४ बाट रु १३६१४६६भुक्तानी गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फतआफ्नै भवन निर्माण कार्य गराउने परिपाटि नियन्त्रण गरि कार्यालयले यसमा सुधार गर्नुपर्दछ। | |
| ४८ | | | **उपभोक्ता समिति छनौट:**<br><br>सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सव सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाटगराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्योहोर्ने वा बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाइ सार्वजनिक निकायले सार्वजनिक सुचना प्रकाशन गरि प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आंफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ।तर कार्यालयले यस बर्ष उपभोक्ता समितिबाट कार्य गराउंदा सम्झौताबाहेक सम्झौता पुर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन ।यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिसपर्धात्मक तवरले भएको देखिएन ।यसबाट निर्माण कार्यको समय लागत र गुणस्तरमा असर पर्ने हुंदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **जडान वेगरको खपत:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले देहायका भौचरवाट उपभोक्ता समितिलाइ भुक्तानी गरेकोमा खरिद गरेको पाइप जडान नभएको आधारमा रकम भुक्तानी भएको देखियो। सामान खरिद गरेर जडान नगर्दा कामको प्रभावकारीता नहुने तथा खरिद गरिएको पाईप प्रयोग भए नभएको एकिन नहुने हुँदा उक्त पाइप जडान भएको प्राविधिक पुष्ट्याई सहितको प्रमाण पेश गर्नुपर्ने रु | १८३,६२५ |

| भौ न | निर्माण योजना | जडान नभएको पाईप | दर | रकम |
|---|---|---|---|---|
| ४१९ | वडा स्तरिय खानेपानी योजना | ३२ मिमि/१० केजि ३०० RM, २५ मिमि/१० केजि १८०० RM, २० मिमि/१० केजि १५०० RM | क्रमश:९४।३७, ५७।०७, ३७।८७<br>प्रति रनिङ्ग मिटर | १८३६२५ |
| | | | जम्मा | १८३६२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **निर्माण सामाग्री घटि खपत:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले गरेका हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले उपभोक्ता समितिसँग सम्झौता गरी सम्पादन गरेको निर्माण कार्यको नमुना छनौट गरी परीक्षण गर्दा तपशिल बमोजिमका आयोजनामा उपभोक्ता समितिले विभिन्न निर्माण सामाग्रीहरु मुल्याङ्कन भएको परिमाण भन्दा घटि बिल पेश गरेको छ। यसरी घटि निर्माण सामाग्री खपत भएकोमा अवस्थामा मुल्याङ्कन भए बमोजिम कार्य भएको विश्वस्त हुने आधार देखिदैन।यसरी वास्तविक कार्यसम्पादन भन्दा बढि मुल्याङ्कन भएको निर्माँण सामाग्रीको रकम असुल गर्नुपर्ने रु | ५९,८९६ |

| भौ न | निर्माण योजना | कामको विवरण | परिमाण | खपत परिमाण | घटि खपत | दर | रकम |
|---|---|---|---|---|---|---|---|
| ८७ | घोवादी विरुवा सडक | जाली बुन्ने भर्ने | २४.५० घ मि | २० घ मि | ४.५ | ३९४७ | १७७६१ |
| ४४१ | कुसुम भञ्ज्याङ्ग आधारभुत स्वास्थ्य केन्द्र | ब्रिक्स मेसिनरी | ५२२० गोटा | ३००० | २२२० | १८.९८ | ४२१३५ |
| | | | | जम्मा | | | ५९८९६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **बढि परिमाण मुल्याङ्कन:**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ।यस पालिकालेउपभोक्ता समितिसँग सम्झौता गरी निर्माण सम्पन्न गरेको तुलसिचौर सामुदायिक भवन निर्माण कार्यमा स्टोन मेसिनरी कार्य ३ वटा सेक्सन क्रमश: १० मिटर, १० मिटर र ५ मिटर लम्वाईको समान उचाई र चौडाई क्रमश: १।३ मिटर र ०।५५ मिटरको वास्तविक कुल परिमाण १७।८७५ घ मि परिमाण मुल्याङ्कन हुनुपर्नेमा ३२।५० घ मि मुल्याङ्कन कायम गरी भुक्तानी दिएको छ। यसरी वास्तविक कार्यसम्पादन भन्दा १४।६२५ मुल्याङ्कन कायम हुदा स्टोन मेसिनरी कार्य प्रति घ मि ९४३२।२६ को दरले जम्मा रु १३७९४७ उपभोक्ता समितिलाई बढि भुक्तानी भएको छ। जसमा १० प्रतिशतको दरले उपभोक्ता समितिको योगदानको अंश वरावर रु १३७९५ बाहेक रु १२४१५२ बढि भुक्तानी भएको छ।यसरी बढि भक्तानी भएको असुल गर्नुपर्ने रु | १२४,१५२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **न्यून विजकिकरण:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले गरेको कामको खर्चका विल भर्पाइ सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। कार्यालयले विभिन्न काम उपभोक्ता समितिमार्फत गराएकोमा उपभोक्ता समितिले पेश गरेका विभिन्न निर्माण सामाग्री खरिदको विल परीक्षण गर्दा कार्यालयले आधार लिएको जिल्ला दररेट भन्दा न्युन दरमा खरिद गरेको देखियो। कार्यालयले विल अनुसारको मुल्यांकन गरी न्युन विजकीकरणलाइ नियन्त्रण गर्न जरुरी देखिन्छ। यस सम्बन्धमा तपशिल बमोजिमका योजनामा उपभोक्ता समितिले पेश गरेको विभिन्न निर्माण सामाग्रीकोविलको आधारमा मुल्यांकन गर्दा देहायअनुसार रु ५११११२ बढि भुक्तानी भएको छ ।यसरी उपभोक्ता समितिले खरिद गरेको दरभन्दा बढि दर रहेको मु अ कर सहितको जिल्ला दररेटको आधारमा मुल्याङ्कन कायम गरी भुक्तानी गर्दा उपभोक्ता समितिलाई मुल्य अभिवृद्धि कर वापतको रकम समेत भुक्तानी भएकोले बढी दरमा मुल्याङ्कन हुदा उपभोक्ता समितिलाई बढि भुक्तानी भएको मुल्य अभिवृद्धि कर असुल गर्नुपर्ने रु | ५९,८८८ |

| भौ नं | निर्माण योजना | निर्माण सामाग्री | खपत परिमाण | मुल्याङ्कन दर | खरिद दर | फरक दर | बढि भुक्तानी | मु अ कर |
|---|---|---|---|---|---|---|---|---|
| ३३१ | ललाङ कुसुभ सडक | सिमेन्ट | ८।३८ मे ट | १८६५० | १३५६० | ५०९० | ४७४८७ | ५४६३ |
| ४४१ | आधारभुत स्वास्थ्य केन्द्र | ईटाँ | ५२१९ | १८।९८ | १४।६९ | ४।२९ | २२३८९ | २५७५ |
| ३२ | बैरेनी बिरौटा सिचांई कुलो (संघ शर्सत) | सिमेन्ट | १५।२२ मे ट | १८६५० | १३२०० | ५४५० | ७३४०० | ९५४२ |
| १६५ | कृषि उपज केन्द्र स्थापना (संघ शर्सत) | सिमेन्ट | ५२।८५ | १८०८० | १११२० | ६९६० | ३६७८३६ | ४२३०८ |
| | | | | जम्मा | | | ५११११२ | ५९८८८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **डण्डीमा बढी भुक्तानी:**<br>सार्वजनिक खरिद ऐन तथा नियमावलिमा भएको व्यवस्थाअनुसार सार्वजनिक निकायले निर्माण कार्यको भुक्तानी गर्दा स्विकृत नर्म्स तथा जिल्ला दररेटका आधारमा प्राविधिक मुल्यांकन गरी भुक्तानी दिनुपर्ने उल्लेख छ।यस पालिकाले यस वर्ष उपभोक्ता समितिबाट निर्माण सम्पन्न गरेको आरसिसि कार्यको तपसिल | ७९,५२६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वमोजिमका केहि नमुना छनौट गरि सम्वद्ध फाँटवारी परिक्षण गर्दा म्याट फाउण्डेसन तथाकोलुममा नापि तथा अन्तिम मुल्याङ्कनमा कायम भएको परिमाण भन्दा घटि परिमाणमा डण्डि प्रयोग गरि कार्य सम्पादन भएको छ।यसरी मुल्याङ्कन परिमाण भन्दा घटि परिमाणमा निर्माण सामाग्री प्रयोगबाट तोकिएको गुणस्तर सुनिश्चित नभई निर्माण कार्यको दिगोपना कायम नहुनुका साथै वास्तविक कार्य कार्यसम्पादन भन्दा बढि परिमाण मुल्याङ्कन हुदा उपभोक्ता समितिलाई बढि भुक्तानी भएको छ।यसरी बढि भुक्तानी भएको जम्मा रकम रु ८८३५४ मा उपभोक्ताको योगदानको अंश कट्टा गरी असुल गर्नुपर्ने रु | |

| भौ न | कामको विवरण | मुल्याङ्कन परिमाण | खपत परिमाण | फरक परिमाण | दर | रकम | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ३१६ | गोरखा सामुदायिक भवन निर्माण | ९*१.५*२०*०.८९ =२४० केजी | ९*१.५*१६*०.८९ =१९२ केजी | ४८ केजी | ११७ | ५६२३ | ५०६८ |
| ३५६ | डाँडाबारी कृषि समुह खोर निर्माण | ९४७ केजी | ५२४ केजी | ४३७ केजी | ११७ | ५११२९ | ४६०१६ |
| ४२४ | गोब्रेखोला आमा समुह भवन निर्माण | ८*१.५*२२*०.८९ =२३५ केजी | ८*१.५*१४*०.८९ =१४९ केजी | ८६ केजी | ११७ | १००६२ | ९०५६ |
| ४२९ | सुरुङ्ग कृषि समुह खोर निर्माण | ५१० केजी | ३२८ केजी | १८३ केजी | ११७ | २१५४० | १९३८६ |
| | | | जम्मा | | | ६६८१४ | ७९५२६ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५४ | | | **नापी भन्दा फरक कार्य:**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ।यस कार्यालयले डाँडावारी कर्षी तथा पशुपालन फर्म संग खोर निर्माण लगायतका कार्यको सम्झौता गरी भौ नं ३५६ मिति २०७९।०३।०७ बाट रु ५८२०००। भुक्तानी गरेको छ।यस सम्बन्धी फाँटवारी परीक्षण गर्दा ब्लक मेसिनरी १:६, १२।५० घ मि कार्यसम्पादन गरेको छ र सम्पादन गरेको १२।५० घ मि ब्लक मेसिनरी कार्यको १:६ स्टोन मेसिनरीको दर रु ९४३२ प्रति घ मि कायम गरी मुल्याङ्कन भएको छ।यथार्थ कार्यसम्पन्न ब्लक मेसिनरी १:६ को दर प्रति घ मि ६००२।५८ को दरले मुल्याङ्कन हुनुपर्नेमा स्टोन मेसिनरी १:६ को दरले मुल्याङ्कन हुदा प्रति घ मि रु ३४३० को दरले जम्मा रु ४४४१८ बढि भुक्तानी भएको छ।यसर्थ बढि भुक्तानी भएको रकम असुल गर्नुपर्न रु | ४४,४१८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५</td><td></td><td></td><td>
सम्भाव्यता अध्ययन नगरी योजना छनौट:<br>
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ११ मा सरकारका बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताको आधारमा योजना छनौट गर्नुपर्दछ । पालिकाले देहाएबमोजिमका खानेपानी आयोजनाहरुको कार्यसम्पादन गरेकोमा ती आयोजनाहरु सम्भाव्यता अध्ययन गरेको प्रतिवेदन वेगर नै सञ्चालन गरेको देखियो । योजना सञ्चालन गर्नु पुर्व सम्भाव्यता अध्ययन गरेर कार्य अगाडि बढाएको देखिएन । कार्यालयले यसमा सुधार गर्नुपर्दछ।
<table>
<tr><th>योजनाको नाम</th><th>स्कीम</th><th>वडा नं</th><th>लागत</th><th>सम्झौता</th><th>खर्च</th></tr>
<tr><td>१.चिन्नेवास मासखेत खा.पा.</td><td>१</td><td>६</td><td>७३७५०५२</td><td></td><td></td></tr>
<tr><td>२.भिर पहरा खा.पा.</td><td>१</td><td>६</td><td>१९२३४५०</td><td>११३४४०९८</td><td>१०७५६०२६</td></tr>
<tr><td>३.बाहाचौर खा.पा.</td><td>१</td><td>१</td><td>७२३७३६४</td><td></td><td></td></tr>
<tr><td>४.भोर्ले लिफ्टिङ खा.पा.</td><td>२</td><td>५</td><td>४५०२४१४</td><td></td><td></td></tr>
<tr><td>५.भलडाँडा खा.पा.</td><td>२</td><td>५</td><td>३२०६१५७</td><td>१०५२९०३८</td><td>९५५५२५९</td></tr>
<tr><td>६.खुदी खा.पा.</td><td>२</td><td>४</td><td>७४४९४१८</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>
कार्यसम्पन्न प्रतिवेदन:<br>
३७।२०७९।०३।२०, १४२।२०७९।०३।२० सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ र १२५ मा प्राविधिक पुष्ट्याई सहित कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै कार्यक्रम कार्यान्वियन पुस्तिकामा नापी किताब, कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजात २।२ प्रति प्राविधिकबाट तयार गर्न लगाई सम्बन्धित साइट ईन्चार्ज विद्यालयको प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा विद्यालय निर्माण समितिका अध्यक्ष तथा प्रमुखको दस्तखत गराई एक प्रति स्थानीय तहमा र अर्को प्रति विद्यालयमा राख्न लगाई सो को लेखापरीक्षण विद्यालयले आफ्नै स्रोतबाट गराउनुपर्ने र सो को स्थानीय तहले अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहाए अनुसारका विद्यालयलाई अनुदान दिएको देखियो। यसरी दिएको
</td><td>१२,९५०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अनुदान रकमबाट तोकिएको कार्य भए नभएको अनुगमन गरी प्रतिवेदन लिएको देखिएन। पालिकाले उपलब्ध गराएको रकमबाट तोकिएको कार्यसम्पन्न प्रतिवेदन तथा अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु | |
| ५७ | | | **धरौटी रकम:**<br>**१४।२०७८।११।२३**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ (४) अनुसार कुनै पनि सार्वजनिक निर्माणको बिलको भुक्तानी गर्दा भुक्तानी भएको रकमको मुल्य अभिवृद्धि कर बाहेकमा ५ प्रतिशत रिटेन्सन मनी कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्दछ । पालिकाले वृहद खानेपानी योजनाका निर्माण व्यवसायी सरस्वती निर्माण सेवालाई प्रथम रनिङ्ग बिल रु ४५७२११२। को भुक्तानी गर्दा ५ प्रतिशत रिटेन्सन मनी वापत रु २०२८०६। कट्टी गरी बाँकी रकम भुक्तानी गर्नुपर्नेमा कट्टी नगरी भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु | २०२,८०६ |

| सि.नं. | विद्यालयको नाम | कार्यक्रमको नाम | रकम |
|---|---|---|---|
| १ | जनप्रिय माध्यमिक विद्यालय, विरुवा ६ | ४ कोठे भवन निर्माण | ३६००००० |
| २ | देववाणी आधारभुत विद्यालय, विरुवा ५ | ४ कोठे भवन निर्माण | ३६००००० |
| ३ | किचनास आधारभुत विद्यालय, विरुवा ५ | २ कोठे भवन निर्माण | १८००००० |
| ४ | जीवनज्योति माध्यमिक विद्यालय, विरुवा ७ | आई.सि.टि. ल्याब | ६५०००० |
| ५ | जामुनेडाँडा माध्यमिक विद्यालय, विरुवा २ | आई.सि.टि. ल्याब | ६५०००० |
| ६ | अरनिको माध्यमिक विद्यालय, विरुवा २ | आई.सि.टि. ल्याब | ६५०००० |
| ७ | नवज्योति माध्यमिक विद्यालय, विरुवा १ | कम्प्युटर ईन्जीनियरिङ ल्याब | १०००००० |
| ८ | जीवनज्योति माध्यमिक विद्यालय, विरुवा ७ | पढ्दै कमाउँदै कार्यक्रम | १०००००० |
| जम्मा | | | १२९५०००० |

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | संपरीक्षण | |

संपरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । वाँकी वेरुजु समेत फछ्यौंट गरी संपरीक्षणको लागि पेश गर्नुपर्दछ । हालसम्मको कुल वेरुजुको स्थिति देहायअनुसार छः

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) | यो वर्षको बेरुजू (D) | संपरीक्षणबाट कायम बेरुजू (E) | अध्याविधक बाँकी बेरुजू (F=C+D+E) |
|---|---|---|---|---|---|
| ५०५२९ | २०६०९ | २९९२० | १८१४० | ० | ४८०६० |

यस वर्ष फछ्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | सम्परीक्षण |
|---|---|---|---|
| ०७६।०७७ | ३७ | श्री गिता।श्री क्रियटिभ जेभीको पेश्कि फर्छौट भएको प्रमाण पेश | ७०००००० |
| ०७७।०७८ | २० | श्री गिता।श्री क्रियटिभ जेभीको पेश्कि फर्छौट भएको प्रमाण पेश | ६०००००० |
| ०७७।०७८ | २० | सरस्वती निर्माण सेवाको पेफ गरिएको प्रमाण पेश भएको | ३८५०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७७। ०७८ | ५७ | बेरुजु असुल भई बैंक दाखिला भएको प्रमाण पेश | २९१००० | | |
| | | | | ०७५। ०७६ | ११=१ | कार्यपालिका सदस्य तिल कुमारी सार्कीबाट असुल भई बेरुजु दाखिला भएको प्रमाण पेश | ६००० | | |
| | | | | ०७४। ०७५ | ६६ | पदाधिकारीबाट दोहोरो बैठक भत्ता वापतको रकम असुल<br>पदाधिकारी – रकम<br>युवराज केसी – १५००<br>सन्त वहादुर आले – ३०००<br>थमनराज गुरुङ – १५००<br>कृष्ण बहादुर क्षेत्री – १५०० | ७५०० | | |
| | | | | ०७७। ०७८ | २९ | गा पा अध्यक्ष चुन प्रसाद शर्माबाट पारिश्रमिक कर असुल भई दाखिला भएको | २५५३० | | |
| | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७७।०७८ | ३० | गा पा अध्यक्ष चुन प्रसाद शर्माबाट बेरुजु रकम असुल भई दाखिला भएको | ८१५४५ | | |
| | | | | ०७७।०७८ | ३१ | गा पा अध्यक्ष चुन प्रसाद शर्माबाट बेरुजु रकम असुल भई दाखिला भएको | ७६५० | | |
| | | | | ०७७।०७८ | ३४ | गा पा अध्यक्ष चुन प्रसाद शर्माबाट बेरुजु रकम असुल भई दाखिला भएको | ११५२०० | | |
| | | | | ०७७।०७८ | ३९ | गा पा अध्यक्ष चुन प्रसाद शर्माबाट बेरुजु रकम असुल भई दाखिला भएको | ५१०० | | |
| | | | | ०७५।०७६ | २४ | गा पा का नाममा जग्गा प्राप्त भएको लालपुर्जा प्रमाण पेश | १४००००० | | |
| | | | | ०७७।०७८ | २६ | कम कर कट्टि गरेको रकम मध्ये ३८ जना कर्मचारीको कर रकम तलव भुक्तानी गर्दा कट्टा गरी बेरुजु दाखिला गरेको | ६१८५६ | | |
| | | | | ०७७। | ३५ | पारिश्रमिक कर कट्टि गरी | १९३९६ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८ | | बेरुजु दाखिला गरेको प्रमाण पेश | | | |
| | | | | ०७७। ०७८ | २८ | सुरक्षित नागरिक आवास कार्यक्रमको कार्य प्रतिवेदन पेश भएको | १७३८००० | | |
| | | | | | | जम्मा | २०६०८७७७ | | |